**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ३१ अगस्त २०२६**
**समयः १८:५० – १९:०० बजे** *(अवधि १० मिनट)*

## मुख्य समाचार

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज किर्गिस्तानको आफ्नो दुइ दिवसीय यात्राको पहिलो दिन राजधानी बिश्केकमा 'फ्रेंड्स ऑफ इंडिया' सित संवाद गर्नु भयो।

२. केन्द्रीय गृहमन्त्री अमित शाह र बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले पूर्व राष्ट्रपति पूर्व केन्द्रीय मन्त्री तथा भारतरत्न प्रणव मुखर्जीको पुण्यतिथिमा विनम्र श्रद्धाञ्जली अर्पण गर्नु भयो।

३. पश्चिम बंगाल सरकारले केन्द्र सरकारसित यस वर्ष दिसम्बरमा बगलादेशसित समाप्त हुने **30 वर्षीय गंगा-पद्मा जल बाडफाड समझौतालाई** नवीनीकरण अघि राज्यको हिततर्फ ध्यान दिने आग्रह गरेको छ।

४. नेपालमा बाढ़को कारण मर्नेहरुको संख्या बढेर 903 भएको छ भने चार हजार 247 भन्दा अधिक मानिसहरु निखोज छन्।

५. भारत र भुटानबीचको व्यापार, पर्यटन र रणनीतिक कनेक्टिभिटीलाई सुदृढ बनाउन भारत-भुटानमाझ ६९ किलोमिटर लामो रेलवे लाइनको काम तीव्र गतिमा भइरहेको छ।

## प्रधानमन्त्री-बिश्केक यात्रा

प्रधानमन्त्री नरेन्द्र मोदीले आज किर्गिस्तानको आफ्नो दुइ दिवसीय यात्राको पहिलो दिन राजधानी बिश्केकमा 'फ्रेंड्स ऑफ इंडिया' सित संवाद गर्नु भयो। यस अवसरमा योग, मानस अकादमीसहित विभिन्न क्षेत्रमा भारतसित मिलेर काम गर्ने चार प्रतिनिधिमंडलको उपस्थिति रहेको थियो। यसको साथै प्रधानमन्त्रीले बिश्केकस्थित महात्मा गांधी मेमोरियल पार्कमा राष्ट्रपिता महात्मा गांधीको प्रतिमामा माल्यार्पण गरी उहाँलाई श्रद्धांजलि अर्पण गर्नु भयो। प्रधानमन्त्रीले आज शंघाई सहयोग संगठनको सदस्य देशहरुको नेताहरुसित द्विपक्षीय बैठक पनि गर्नु हुनेछ। यसमा रूस, ईरान, किर्गिस्तान अनि आर्मेनियाका राष्ट्राध्यक्षहरु सित हुने द्विपक्षीय बैठकमा सामेल छन् ।

प्रधानमन्त्री श्री मोदीले भोलि आफ्नो किर्गिस्तान यात्राको दोस्रो अनि अन्तिम दिन शंघाई सहयोग संगठनको छब्बीसऔ शिखर सम्मेलनलाई सम्बोधन गर्नु हुनेछ।

## शाह-प्रणव मुखर्जी

केन्द्रीय गृहमन्त्री अमित शाहले पूर्व राष्ट्रपति तथा भारत रत्न डॉ. प्रणव मुखर्जीलाई उहाँको पुण्यतिथिमा स्मरण गर्नु भएको छ। सोशल मीडिया पोस्टमा, श्री शाहले भन्नुभयो, पूर्व राष्ट्रपति एक उत्कृस्ट प्रशासक अनि विद्वान हुनुहुन्थ्यो, जसले सार्वजनिक जीवनमा आफ्नो दशकौ लामो यात्रा अवधि देश र उसको संवैधानिक मूल्यहरु प्रति अटूट प्रतिबद्धताको उदाहरण पेश गर्नु भयो। श्री शाहले उहाँको अमिट विरासत नयाँ नेताहरुको लागि प्रेरणाको स्रोत बनिरहने बताउनु भयो।

## मुख्यमन्त्री शुभेन्दु अधिकारी प्रणव मुखर्जी

मुख्यमन्त्री शुभेन्दु अधिकारीले पूर्व राष्ट्रपति पूर्व केन्द्रीय मन्त्री तथा भारतरत्न प्रणव मुखर्जीको पुण्यतिथिमा विनम्र श्रद्धाञ्जली अर्पण गर्नु भयो। आज उहाँले देशका पूर्व राष्ट्रपतिको राजनीतिक र प्रशासनिक योगदानलाई सामाजिक सञ्जालमार्फत् सम्झनु भएको छ। आफ्नो सन्देशमा मुख्यमन्त्री शुभेन्दु अधिकारीले भन्नु भएको छ, "प्रख्यात राजनीतिज्ञ, पूर्व राष्ट्रपति, पूर्व केन्द्रीय मन्त्री तथा भारतरत्न श्री प्रणव मुखर्जीको पुण्यतिथिमा विनम्र श्रद्धाञ्जली अर्पण गर्दछु।"
प्रणव मुखर्जीको जन्म ११ दिसम्बर १९३५ मा पश्चिम बंगालको वीरभूम जिल्लाको मिरती गाउँमा भएको थियो। उहाँले इतिहास र राजनीतिशास्त्रमा स्नातकोत्तर अध्ययन गर्नु भएको थियो र कानूनको पनि अध्ययन गर्नु भएको थियो। १९६९ मा राज्यसभाको सदस्य बनेपछि उहाँ सक्रिय राजनीतिमा प्रवेश गर्नु भयो। तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीको मार्गदर्शनमा उहाँको राजनीतिक करियर द्रुत गतिमा अगाडि बढ्यो। आफ्नो लामो राजनीतिक करियरमा प्रणव मुखर्जीले वित्त, रक्षा, विदेश मामिला र वाणिज्य जस्ता प्रमुख मन्त्रालयहरूको जिम्मेवारी सम्हाल्नु भएको थियो। उहाँले आफ्नो असाधारण संसदीय अनुभव, प्रशासनिक कुशलता र राजनीतिक अन्तर्दृष्टिमार्फत भारतीय राजनीतिमा आफ्नो लागि एक विशिष्ट स्थान बनाउनु भएको छ।

## नेपाल- बाढ़

नेपालमा बाढ़को कारण मर्नेहरुको संख्या बढेर 903 भएको छ। चार हजार 247 भन्दा अधिक मानिसहरु निखोज छन्। सबै बाढ़ प्रभावित आठ जिल्लाहरुमा राहत अनि बचाव अभियान तीव्र रुपमा चलिरहेको छ। नेपालमा पाँचभन्दा अधिक जलविद्युत परियोजनाहरुसित जोडिएका संरचनाहरुमा नौ सयभन्दा अधिक श्रमिकहरु फसिएको हुन सक्ने अनुमान रहेको छ। भारत अनि अन्य देशका विशेषज्ञहरुको सहयोगमा बचाव दलले **त्रिशुली-तीन-ए** सहित धेरै जलविद्युत परियोजनाहरुको सुरंगहरुमा खोजि अभियान जारी राखेको छ। तिब्बतमा मृतकहरुको संख्या 16 भएको छ अनि पाँच सय 46 जना वेपत्ता छन्।
भारतीय बचाव दलले चिलिमे अनि लांगटांगमा पनबिजली संयन्त्रहरुमा नेपालको सेनासित मिलेर काम गरिरहेको छ। नेपाली सेना प्रवक्ता, राजा राम बस्नेतले अत्यधिक हिलोका कारण सुरुङभित्र पुग्न गाह्रो भएको बताउनु भएको छ| नेपालका प्रधानमन्त्री बालेन्द्र शाहले बाढीलाई विनाशकारी प्राकृतिक प्रकोपको संज्ञा दिनु भएको छ । राहत र उद्धारमा लगभग 21 हजार सुरक्षाकर्मी खटिएका छन्। अन्तर्राष्ट्रिय रेडक्रसको अनुमान अनुसार 90 हजारभन्दा बढी मानिस प्रभावित भएका छन्।

## गंगा जल सम्झौता

पश्चिम बंगाल सरकारले केन्द्र सरकारसित यस वर्ष दिसम्बरमा बगलादेशसित समाप्त हुने **30 वर्षीय गंगा-पद्मा जल बाडफाड समझौतालाई** नवीनीकरण अघि राज्यको हिततर्फ ध्यान दिने आग्रह गरेको छ। राज्य सरकारले नयाँ समझौतामा पर्यावरण संरक्षण अनि भविष्यको जल आवश्यकताहरुलाई प्राथमिकता दिने मांग गरेको छ अनि भारत-बांग्लादेश संयुक्त नदी आयोगको माध्यमबाट विस्तृत चर्चाको पनि आह्वान गरेको छ । राज्य सरकारको तर्फबाट यस सम्बन्धमा केन्द्रीय जल शक्ति मन्त्रालयलाई एक विस्तृत रिपोर्ट सुम्पेको छ। राज्य सरकारले हुगली नदी अनि राजधानी, कोलकातास्थित

## भारत-भुटान कनेक्टिभिटी

भारत-भुटान कनेक्टिभिटीले नयाँ गति प्राप्त गरेको छ| असमको कोक्राझारदेखि भुटानको गेलेफुसम्म जोड्ने ६९ किलोमिटर लामो रेलवे लाइनको काम तीव्र गतिमा भइरहेको छ। लगभग ४ हजार करोडको अनुमानित लागतको साथ यो परियोजनाले भारत र भुटानबीचको व्यापार, पर्यटन र रणनीतिक कनेक्टिभिटीलाई सुदृढ बनाउनेछ। थप रूपमा पश्चिम बंगालको बनारहाटदेखि भुटानको सामसीसम्म जोड्ने २० किलोमिटरको नयाँ रेल कोरिडोर पनि प्रस्ताव गरिएको छ। यसलाई रणनीतिक रूपमा महत्त्वपूर्ण कदममानिएको छ| यो रेल नेटवर्कले उत्तरपूर्वी भारतमा कनेक्टिभिटी बढाउन र सीमावर्ती क्षेत्रहरूमा पहुँच सुधार गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। यसलाई भारत-भुटान सम्बन्ध साथै क्षेत्रीय व्यापार र सुरक्षाको लागि एक प्रमुख कदमको रूपमा हेरिएको छ।

## मुख्यमन्त्री शुभेन्दु अधिकारी नन्दीग्राम

पूर्व मेदिनीपुर जिल्लाको नन्दीग्राममा मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज प्रशासनिक बैठक गर्नु भयो। रेयापाड़ामा आयोजित यस कार्यक्रमको माध्यमबाट उहाँले नन्दीग्राम विधानसभा क्षेत्रमा जनकल्याणसित सम्बन्धित विभिन्न परियोजनाहरूको उद्धाटन गर्नु भयो। मुख्यमन्त्रीले नन्दीग्राममा नयाँ अग्नि शमन केन्द्रको पनि उद्धाटन गर्नु भयो। यस अवसरमा आयोजित सभामा मुख्यमन्त्रीले भन्नु भयो, नन्दीग्रामका मानिसहरूसित उहाँको दुई दशकभन्दा पुरानो सम्बन्ध छ। उहाँले भन्नु भयो, आज नन्दीग्रामको लागि महत्वपूर्ण दिन हो। क्षेत्रमा 32 वटा सड़कहरूको निर्माण तथा मरम्मत कार्य गरिँदैछ। उहाँले भने, नन्दीग्राममा विकासको नयाँ अध्याय शुरू भइरहेको छ। मुख्यमन्त्रीले बताउनु भयो, नन्दीग्राममा 11 हजार 700 घरहरू निर्माण गरिनेछ। उहाँले नन्दीग्रामको हरिपुरमा दमकल केन्द्रको उद्धाटन भएको जानकारी दिनु भयो। मुख्यमन्त्रीले भन्नु भयो, नन्दीग्रामका अधिकांश महिलाहरूलाई अन्नपूर्ण योजना अन्तर्गत आर्थिक सहायता दिइएको छ।

## मन्त्री दिलीप घोष - जादवपुर विश्वविद्यालय

जादवपुर विश्वविद्यालय परिसरको जुन भित्तालाई मुख्यमन्त्री शुभेन्दु अधिकारीको निर्देशपछि सेतो रङ्ग पोतेर वामपन्थी नाराहरूलाई मेटाइएको थियो, त्यसै भित्तामा 24 घण्टाभित्रै एकपटक फेरि नीलो रङ्गले कार्ल मार्क्सको उक्ति लेखिएकोले राजनीतिक चर्चा चुलिएको छ। एबीवीपी छात्र सङ्गठनको आरोप छ, यो नयाँ भित्ते लेखन नक्सलपन्थीहरूद्वारा गरिएको हो। तथापि मन्त्री दिलीप घोषले भानु भएको छ, लोकतान्त्रिक देशमा सबै भित्तामा लेख्ने अधिकार छ। उहाँले स्पष्ट पार्नु भयो, कार्ल मार्क्सको विचार वा उनका नीतिहरू भारतमा प्रतिबन्धित छैन। तर देश विरोधी नारालाई कुनै पनि स्थितिमा स्वीकार गरिनेछैन। मन्त्री दिलीप घोषले भन्नु भयो, सरकारले जादवपुरमा ती नाराहरूलाई हटाउने आवश्यकता महसूस गर्‍यो जसलाई देश विरोधी मानियो। उहाँले भन्नु भयो, वर्षौंदेखिको परिसरलाई आफ्नो कब्जामा लिएर यसलाई कथित रूपमा देश विरोधी गतिविधिहरूको केन्द्र बनाउन चाहनेहरूलाई अब स्पष्ट सन्देश दिइएको छ, यस्तो चल्नेछैन। मन्त्रीले भन्नु भयो, “लोकतान्त्रिक देशमा भित्तामा लेख्न हरेकले सक्छ तथा कार्ल मार्क्सको विचार लेख्नु प्रतिबन्धित छैन। तर भारत विरोधी चुनौती दिनु वा देशको एकता र अखण्डतालाई चुनौती दिनु भारत सरकारले कुनै पनि मूल्यमा सहन गरिनेछैन।” उल्लेखनीय छ, यसपूर्व मुख्यमन्त्री शुभेन्दु अधिकारीले जादवपुर विश्वविद्यालयलाई लिएर कैयौं पटक कड़ा व्यवहार अप्नाइसक्नु भएको छ। उहाँले भन्नु भएको छ, जादवपुरमा राष्ट्रवाद स्थापना गरिनेछ। देश विरोधी नारालाई कुनै पनि प्रकारले सहन गरिनेछैन। श्यामा प्रसाद मुखर्जी बन्दरगाहमा नौवहन गतिविधिहरुलाई सुचारू संचालनको आवश्यकतामाथि  बल दिएको छ।

## ट्रकबाट १४५ किलोग्राम गाँजा जफ्त

पुलिसले जियागञ्ज क्षेत्रमा एक कार्गो ट्रकबाट १४५ किलोग्राम गाँजा जफ्त गरेको छ। जफत गरिएको गाँजाको अनुमानित बजार मूल्य लगभग २५ लाख रुपियाँ रहेको छ। यस घटनामा ट्रक चालक र उनका सहयोगीलाई पक्राउ गरिएको छ| उनीहरू दुवै मुर्शिदाबाद जिल्लाका निवासीको रूपमा पहिचान गरिएको छ। पुलिसका अनुसार ट्रक आसामको तिनसुकियाबाट चियापत्तीको बोकेर निस्केको थियो। प्रारम्भिक अनुसन्धानमा कुचबिहारको दिनहाटामा चियाको खेपमुनि पाँचबोरा गाँजा लोड गरिएको पत्ता लागेको छ। उक्त खेपपछि सिलिगुडी हुँदै अर्को राज्यमा तस्करी गर्न लगिएको थियो। सुराकीको आधारमा कारबाही गर्दै नयाँ जलपाईगुडी पुलिसले फुलबारीको जियागञ्ज क्षेत्रमा ट्रकलाई रोकेर खोजी गरेको थियो। खोजीको क्रममा चियापत्तीको मुनि लुकाइएको पाँच बोराबाट जम्मा १४५ किलोग्राम गाँजा बरामद गरिएको थियो।

## अग्निशमन भूतपूर्व कर्मचारी कल्याण समिति खरसाङ

अग्निशमन भूतपूर्व कर्मचारी कल्याण समिति खरसाङको आठौँ वार्षिक सभा आज स्थानीय रेलवे पेन्सनर्स एसोसिएसनको कार्यालयमा सम्पन्न भयो। उक्त सभामा पुरानो कमिटी विघटन गरी चयन प्रक्रियाद्वारा नयाँ कमिटी गठन गरिएको छ। नयाँ समितिमा कार्यवाहक सभापति आरपी लामा, सभापति गोपाल प्रधान, उप सभापति डीके लामा, सचिव पीटी यल्मो, सह सचिव डीके छेत्री, कोषाध्यक्ष कमल प्रधान, सह कोषाध्यक्ष गणेश प्रधान, प्रसार प्रचार सचिवमा फुर्बा तामाङ चयन भएका छन्। सभामा फुर्बा तामाङ, गोपाल प्रधान, उत्तम खवास र पीटी यल्मोले संस्थालाई अघि बढाउन सबै सक्रिय भएर कार्य गर्न आह्वान् गरे। सभामा विभागीय अधिकारीको पदबाट अवकाश लिएका उत्तम खवासलाई सम्मान स्वरूप स्मृति चिन्ह प्रदान गरियो। सभामा प्रेम शर्माले पञ्जीकृत संस्थाको हैसियतमा सबै खाता पत्र नियमानुसार लेखिनुपर्ने र संगठनलाई मानवीय व्यवहारिक कर्म र

जनचेतनामुलक कार्यमा अघि बढाउन अपील गर्नु भयो। यसैगरी, डीके छेत्रीले सम्मेलन दुई वर्षको अन्तररालमा सम्मेलन गर्न उचित रहने सुझाउ राख्नु भयो। आरपी लामाले संस्थाको कार्यक्रममा गतिशीलता हुनुपर्नेमा जोड दिएको प्रचार प्रसार सचिव फुर्बा तामाङले जानकारी गराएका छन्।

**********